# अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग,२०७९

च नं ५१गृह मन्त्रालय परिशर, सिंहदरबार, काठमाडौं ।

मिति २०८०।५।२७।४

विषय स्थानीय तह र वडा समितिले तमसुक प्रमाणित गर्ने सम्बन्धी कार्यविधि पठाइएको ।

श्री प्रमुख जिल्ला अधिकारीज्यू,सवै ।
श्री प्रमुखज्यू, जिल्ला प्रहरी कार्यालय,सवै ।

मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाइ संशोधन गर्न बनेको ऐन,२०८०(जारी २०८०।४।१२) अनुसारमुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा ३६ को उपदफा ३ मा उपदफा ३क ३ख ३ग ३घ ३ङ र (६) थपिएका छन् ।

थपिएको (३क) वमोजिम स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयबाट ६ महिना (अर्थात् २०८० माघ ११ गते ) भित्र लेनदेन कारोबारका लिखत प्रमाणित गराउने कानूनी व्यवस्था भएको छ । सो संशोधित कानूनी व्यवस्थानुसार स्थानीय तह वा वडा समितिको कार्यालयहरुमा एक रुपता देखिन आएन।

कपाली तमसुक स्थानीय तह वा वडा समितिबाट प्रमाणित गराउने सम्बन्धमा एक रुपता हुन आवश्यक भएको र तत्सम्बन्धमा अझ प्रष्ट भए

काम गर्न गराउन सजिलो हुने भएकाले **कपाली तमसुक प्रमाणित गर्दा ध्यान दिनुपर्ने कुराहरु को** सम्बन्धमा **मार्गदर्शनको रुपमा** आयोगको मिति २०८०।५।२७ को बैठकबाट निर्णय गरिएकोकार्यविधि यसैसाथ पठाइएको छ।

सो कार्यविधिहरु **सवै स्थानीय तह, वडा समिति, इलाका प्रशासन र इलाका प्रहरी कार्यालयमासमेत जानकारी** र आवश्यक कार्यार्थ पठाइ दिने व्यवस्थाको लागि अनुरोध छ ।

संलग्न

१. कपाली तमसुक प्रमाणित गर्दा ध्यान दिनुपर्ने कुराहरुको मार्गदर्शन

२. नेपाल राजपत्र भाग ४ खण्ड ७३ अतिरिक्तांक १८ प्रकाशित मिति २०८०।४।१२ साथै छ ।



गौरीबहादुर कार्की

अध्यक्ष